# मास्टर ट्रेनर, लिडट्रेनररअसिस्टेन्टट्रेनरकोTraining of Trainers **(ToT)**
# तालीमहरुकामा सहभागि हुनका लागिआवश्यक न्यूनतम योग्यता

## आवश्यक योग्यता र अनुभव

| मास्टर ट्रेनरका लागि |
|---|
| १. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसंग सम्बन्धित बिषयमा स्नातकोत्तर तह उत्तीर्ण र ट्रेनर भई कम्तिमा२ बर्ष प्रशिक्षण गरेको।<br>अथवा<br>२.प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसंग सम्बन्धित बिषयमा स्नातकतह उत्तीर्ण र ट्रेनर भई कम्तिमा३ बर्ष प्रशिक्षण गरेको।<br>अथवा<br>३.प्रमाणपत्र तह उत्तीर्ण भईसीप परीक्षण तह ४ उत्तीर्णरट्रेनर भई कम्तिमा५ बर्ष प्रशिक्षण गरेको। |
| **लिड ट्रेनरका लागि** |
| १.प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसंग सम्बन्धित बिषयमा स्नातकतह उत्तीर्ण र ट्रेनर भई कम्तिमा१ बर्ष प्रशिक्षण गरेको।<br>अथवा<br>२=प्राविधिक डिप्लोमातह उत्तीर्ण र ट्रेनर भई कम्तिमा२ बर्ष प्रशिक्षण गरेको।<br>अथवा<br>३=एस.एल.सी. उत्तीर्ण भईसीप परीक्षण तह ३ उत्तीर्णरट्रेनर भई कम्तिमा३ बर्ष प्रशिक्षण गरेको।<br>अथवा<br>४.प्राविधिक एस.एल.सी. उत्तीर्ण र सहायक ट्रेनर भई कम्तिमा ५बर्षप्रशिक्षण गरेको । |
| **असिस्टेन्ट ट्रेनरका लागि** |
| १. कक्षा८ उत्तीर्ण भई कम्तिमा ३ महिनाको छोटो अवधिको प्राविधिक तथा व्यावसायिक तालीमप्राप्त गरी२ बर्ष प्रशिक्षण गरेको।<br>अथवा<br>२=सीप परीक्षण तह १ उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तिमा २ बर्ष प्रशिक्षण गरेको।<br>अथवा<br>३. सहायक ट्रेनर भई प्रशिक्षण गरेको।<br>अथवा<br>४. प्रशिक्षण सहायक भई कम्तिमा ५ बर्ष प्रशिक्षण गरेको। |

**सहभागी छनोटका लागिपरिभाषा,शर्तर मापदण्डहरु**

1 “प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसंग सम्बन्धित बिषय” भन्नाले ईन्जिनियरिङ्ग, स्वास्थ्य, कृषि, पशु स्वास्थ्य, शिक्षा, विज्ञान, फुड टेक्नोलोजी, कम्प्युटर तथा सूचना प्रविधि, पर्यटन, व्यवस्थापन, वन विज्ञान र राष्ट्रिय सीप परीक्षण समितिबाट लिईने सीप परीक्षणका व्यावसायहरुलाई बुझाउँछ।सीप परीक्षणका विषयहरुको जानकारी आवेदन फाराम वितरण हुने स्थानहरुबाट प्राप्त गर्न सकिने छ।

2 “प्रशिक्षण” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम प्रदान गर्ने संस्थामा प्रशिक्षण कार्य गरेको अनुभव भन्ने बुझ्नु पर्छ।

3 "अनुभव"भन्नालेप्राविधिक शिक्षा तथा व्यावसायिक तालीम संचालन गर्ने संस्थाको शिक्षण, प्रशिक्षण कार्यको अनुभवलाई बुझाउँछ।

4 ‘ट्रेनर’भन्नालेप्राविधिक शिक्षा तथा व्यावसायिक तालीम संचालन गर्ने संस्थाकोप्राविधिक शिक्षक, ट्रेनर वा प्रशिक्षकलाई बुझाउँछ।

5 “सहायक ट्रेनर” भन्नाले CTEVT र यस बाट सम्बन्धन प्राप्त संस्थाहरुका सहायक प्रशिक्षकलाई बुझाउँछ ।

6 “प्रशिक्षण सहायक” भन्नालेCTEVTअन्तर्गतका शिक्षालय र तालीम केन्द्रहरुमा प्रशिक्षण सहायक भई काम गरेको र निजी संस्थाहरुको हकमा सीप परीक्षण तह १ पास गरी प्रशिक्षण सहायक भई काम गरेको भन्ने बुझाउँछ।

7 यस अघि २ हप्ताको/प्रशिक्षक प्रशिक्षण (ToT) वाप्रशिक्षणसीप १ र प्रशिक्षणसीप २ (IS 1 andIS 2)लिई सकेका आवेदकहरुलाई लिड ट्रेनर र असिस्टेन्ट ट्रेनरको ToTतालीममा समावेश गराईने छैन।

8 EVENT अन्तर्गत पहिलो ToT लिएको व्यक्तिले कम्तिमा १ बर्ष प्रशिक्षण गरे पछि मात्र अर्को ToTको लागि आवेदन दिन पाउने छन।

9 तालीममा सहभागी हुन चाहेका आवेदकहरुले आँफूले तालीम लिन चाहेको एक स्थानमा मात्र आवेदन फाराम बुझाउनु पर्नेछ र सोही स्थानमा सम्पर्क राख्नु पर्नेछ। फाराम साथ माथी उल्लेखित प्रमाणपत्रका नक्कलहरु आफैले प्रमाणित गरी अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

10 आवेदन फाराम स्वीकृत भएका आवेदकहरुको छनोट लिखित परीक्षा वा अन्तरवार्ताबाट गरिने छ। आवश्यक संख्या भन्दा ५०% बढी आवेदन परेको अवस्थामा लिखित परीक्षा हुने र सो भन्दा कम भएमा अन्तरवार्ता मात्र हुनेछ। छनोट परीक्षा प्रशिक्षण सम्बन्धी बिषयमा र बौद्धिक क्षमतामा हुनेछ।

11 छनोटमा बराबरी अंक आएमा दलित, महिला, जनजाती र अन्य सुविधा बिहिन वर्गका आवेदकलाई ग्राह्यता दिईनेछ।

12 आवेदकले सम्बन्धित संस्थाको नियुक्तिपत्र, कार्यानुभवको स्पष्ट रुपले मिति खुलेको पत्र र मनोनयन पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम

परिषद् तथा अन्तर्गतका शिक्षालयहरुको हकमा शिक्षालय प्रमुखको सिफारिसमा परिषद्को प्राविधिक महाशाखाको मनोनयन पत्र अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

13 तालीमको लागि एक समूहमा २० जनालाई समावेश गराईने छ ।

14 शर्त सहितका निवेदनहरु स्वीकार्य हुने छैनन।

15 तालीम संचालन भएको दिनकोनिर्वाह भत्ता दिईने छ । तालीम सफलता पूर्वक सम्पन्न गरेमा मात्र उक्त भत्ता दिईने छ। यसको बिस्तृत जानकारी फाराममा ऊल्लेख गरिएको छ ।

16 ६ महिना भन्दा बढी समयदेखि प्रशिक्षण कार्यमा संलग्न नभएको व्यक्ति यो तालीमको लागि योग्य हुने छैन।

17 तालीममा आउँदा पेश गरेका प्रमाणपत्रहरुको सक्कलपहिलो दिनमै अनिवार्य ल्याउनु पर्नेछ। उल्लेखित सक्कल प्रमाणपत्रहरु पेश नगरेमा बैकल्पिकमा रहेका व्यक्तिहरुलाई समावेश गराईने छ।

18 तालीमका लागि सहभागीहरुको छनोट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरुका लागि **TITI**ले गरेको निर्णय अन्तिम हुनेछ।